# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः- १२

अध्यक्षताः नगर प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/१०/१७

उपस्थितिः

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| ~~प्रमुख प्रशासकीय अधिकृत~~ प्रदेश-सचिव | श्री गीताकुमारी राई | |
| आमन्त्रित | श्री विपिन लम्साल | |
| —॥— | " चूडामणि त्रिरौला | |
| —॥— | " केशव रिजाल | |

**बैठक संख्या १२/०७८/०७९ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०७८/१०/१७**

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/१०/१७ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

(१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं १ स्थित नेते खोलामा मिति २०७८/१०/११ गते नदीजन्य सामाग्री उत्खननको विषयमा सार्वजनिक रुपमा छलफल भईरहँदा छलफलमा सहभागी हुनु भएका अर्जुनधारा नगरपालिका वडा नं १ का वडा अध्यक्ष श्री गजाधर खतिवडा माथि स्थानीय एक व्यक्ति बाट भौतिक आक्रमण गरी हातपात भएको विषय उपर यस कार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । सार्वजनिक सरोकारको विषयमा सार्वजनिक स्थानमा छलफल भईरहँदा सार्वजनिक पद धारण गरेको पदाधिकारी माथि भएको भौतिक आक्रमण निन्दनीय मात्र नभई कानूनी रुपमा समेत दण्डनीय हो । उक्त घटनाको तत्काल छानवीन गरी दोषि उपर कडा भन्दा कडा कानूनी कारबाही गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक नतिजा अनुसार सूचक तथा सोको अंकभार अनुसार प्राप्त अंकको कार्यालयबाट प्रस्तुतिकरण भई बैठकमा जानकारी भई अनुमोदन गरियो ।

(४) झापा जिल्ला अदालतबाट यस अर्जुनधारा नगरपालिकाबाट जारी भएको रिट नं ०७८-WO-००१८ दायरी (५) को अर्जुनधारा नगरपालिका वडा नं ५ स्थित जेष्ठ नागरिक चौतारी निर्माण सम्बन्धि मुद्दाको सम्बन्धमा यस कार्यालयको तर्फबाट लिखित जवाफ पेश गर्न तथा कार्यालयको तर्फबाट गर्नुपर्ने अन्य प्रशासनिक कामकाजका लागि यस नगरपालिकाका कानूनी सल्लाहकार श्री चित्रबहादुर मगरलाई जिम्मेवारी दिई पठाउने निर्णय गरियो ।

(५) यस अर्जुनधारा नगरपालिका वडा नं ९ को लागि वडातर्फको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार वडा समितिको मिति २०७८/०६/१७ को बैठकको निर्णय अनुसार सिफारिस भई आएका ८० घरपरिवारलाई पूर्ण रुपमा प्रति परिवार रु ३५००/- का दरले स्वास्थ्य बीमा गर्न पत्राचार भएकोमा अर्जुनधारा नगरपालिका विपन्न नागरिक स्वास्थ्य वीमाको लागि रकम साझेदारी कार्यविधि, २०७७ बमोजिम नगरपालिकाको वेभसाइटमा दावि बिरोधका लागि नामावली प्रकाशन गर्न कुनै द्राबी विरोध नपरेको हुँदा वडा समितिको सिफारिस बमोजिम सम्बन्धित वडाका स्वास्थ्य विमाकर्ता सहयोगीसँग सम्झौता गरी बिपन्न परिवारको स्वास्थ्य विमा गर्ने निर्णय गरियो ।

(६) यस अर्जुनधारा नगरपालिकाबाट आन्तरिक आय संकलन सम्बन्धि नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गरिए बमोजिम ठेकेदार पक्षबाट बुझाउनुपर्ने दोश्रो किस्ता रकम सम्झौता बमोझिम २०७८ पौष मसान्त

उक्त रकम बुझाउनका लागि २०७८ माघ २४ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो । साथै, उक्त अवधिमा समेत तोकिए बमोजिमको रकम नबुझाएमा नियमानुसार बैंक जमानतबाट किस्ता रकम असुल गर्न समेत कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(७) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत यस नगरपालिकामा रहेको सेवा ईकाइका कर्मचारीहरुको लागि आगामी आर्थिक वर्ष २०७९/०८० को लागि ६ महिनाको तलबभत्ताको श्रोत सुनिश्चितताका लागि लेखी आएकोमा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि ६ महिनाको तलबभत्ताको श्रोत सुनिश्चितताको प्रतिबद्धता पठाउने निर्णय गरियो ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

हरी कुमार राना मगर
नगर प्रमुख

उक्त रकम बुझाउनका लागि २०७८ माघ २४ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो । साथै, उक्त अवधिमा समेत तोकिए बमोजिमको रकम नबुझाएमा नियमानुसार बैंक जमानतबाट किस्ता रकम असुल गर्न समेत कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(७) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत यस नगरपालिकामा रहेको सेवा ईकाइका कर्मचारीहरुको लागि आगामी आर्थिक वर्ष २०७९/०८० को लागि ६ महिनाको तलबभत्ताको श्रोत सुनिश्चितताका लागि लेखी आएकोमा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि ६ महिनाको तलबभत्ताको श्रोत सुनिश्चितताको प्रतिबद्धता पठाउने निर्णय गरियो ।

(८) नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको मिति २०७८/०९/१९ को स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना बमोजिम अर्जुनधारा नगरपालिका वडा नं ७ मा रहेको अर्जुनधारा खेलमैदान स्तरोन्नति सम्बन्धि आयोजनाको कुल लागतको ६० प्रतिशत रकम बराबरको लागत नगरपालिकाको समपूरक कोषबाट व्यहोर्ने गरी लागत साझेदारीको प्रतिबद्धता सहित आयोजना प्रस्ताव गर्ने निर्णय गरियो ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल

२०७८/१०/१७
हरी कुमार राना मगर
नगर प्रमुख